नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७६/७७
च.नं. :-

मिति :-२०७७/०१/३१

## जिल्ला प्रशासन कार्यालय म्याग्दीको सूचना ।।

गृह मन्त्रालय मिति २०७७/०१/३०, च.नं. ३७८४ को पत्रानुसार जिल्ला प्रशासन कार्यालय म्याग्दीबाट मिति २०७७/०२/०१ गतेबाट लागू हुने गरी निम्नानुसारको सूचना प्रकाशन गरिएको व्यहोरा सम्पूर्ण म्याग्दीबासी दाजुभाई तथा दिदीबहिनीहरुमा सूचित गरिन्छ ।

निम्नः-

१. मिति २०७७/०२/०१ गते बाट लागू हुने भनी यस कार्यालयबाट जारी भएका Epass लगायत सम्पूर्ण सवारी साधनका पासहरु खारेज गरीएको छ ।

२. अत्यावश्यक परि यस जिल्लाबाट अन्य जिल्लामा जानका लागि पास लिनु परेको अवस्थामा जुन जिल्लामा जानुपर्ने हो, सोही जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरेको सहमतिमा मात्र यस कार्यालयबाट पास जारी गरिनेछ ।

३. अति आवश्यक परी अन्य जिल्लाका जिल्ला प्रशासन कार्यालयबाट पास जारी गराई यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले उक्त पास प्राप्त गर्नु अघि यस जिल्ला प्रशासन कार्यालयको सहमति लिएको भए मात्र जिल्ला प्रवेश दिईनेछ ।

४. अति जरुरी कामकाजका लागि यस जिल्लाबाट काठमाण्डौं उपत्यकामा प्रवेश गर्न पास माग गर्ने व्यक्तिहरुलाई गृह मन्त्रालयको सहमति प्राप्त भए पछि मात्र सवारी पास जारी गरिनेछ ।

५. यस जिल्लाबाट बाहिर जान र जिल्लाभित्र प्रवेश गर्न उपरोक्तानुसारका सवारी पास बाहेक सम्पूर्ण आवतजावत निषेध गरीएको छ ।

६. जिल्लाभित्र आवतजावत हकमा नेपाल सरकारद्वारा जारी गरीएको बन्दाबन्दीलाई पूर्ण रुपमा परिपालना गर्दै अति जरुरी परेमा नजिकको प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा संम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७७/१/३१
ज्ञाननाथ ढकाल
प्रमुख जिल्ला अधिकारी